
**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोग**
**केन्द्रीय तथ्याङ्क विभाग**

# आर्थिक वर्ष २०७६/७७ को राष्ट्रिय लेखा तथ्याङ्क

## १. परिचय (Introduction)

अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि केन्द्रीय तथ्याङ्क विभागबाट नियमित रूपमा कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Production, GDP), उपभोग (Consumption), बचत (Saving), लगानी (Investment) आदि जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा ( National Accounts) सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्क तयार गरी सार्वजनिक गर्दिँदै आइएको छ । यस्ता सूचकहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका विभिन्न सरोकारवालाहरूबाट व्यापक रूपमा प्रयोग हुँदै आएको छ । नेपालमा राष्ट्रिय लेखा अनुमान वि.सं. २०१७ सालदेखि शुरु गरी वि.सं. २०२१/२२ देखि अविच्छिन्न रूपमा तयार गरी प्रकाशन गर्दिँदै आएको छ । यसै क्रममा चालू आर्थिक वर्ष २०७६/७७ को सात देखि नौ महिना सम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित प्राप्त आँकडा तथा सूचना एवं बाँकी अवधिको वस्तु तथा सेवाको उत्पादन अनुमान गरी २०७६/७७ को प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आर्थिक वर्ष २०७४/७५को अन्तिम अनुमान तथा गत आर्थिक वर्ष २०७५/७६ को संशोधित अनुमान प्रकाशित गरिएको छ । हाल प्रकाशित स्थिर मूल्यका अनुमानहरू आर्थिक वर्ष २०५७/५८ को मूल्यमा आधारित छन् । तथ्याङ्कको उपलब्धता संगसँगै केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा तथ्याङ्क परिमार्जन नीति बमोजिम आर्थिक वर्ष २०७५/७६ र आर्थिक वर्ष २०७६/७७ का

अनुमानलाई क्रमशः परिमार्जन सहित प्रकाशित गर्दै लगिने छ । हाल सम्म प्राप्त अनुमानहरूको अध्ययन गर्दा चालू आर्थिक वर्ष २०७६/७७ मा आधारभूत मूल्यमा २.२७ प्रतिशतले आर्थिक वृद्धि हुने देखिन्छ ।



चित्र नं. १ : कुल गार्हस्थ उत्पादन बार्षिक बृद्धिदर

हाल विश्वमा देखिएको COVID19 को महामारीको असरलाई न्यून गर्नको लागि अवलम्बन गरिएको आन्तरिक तथा बाह्य प्रयासहरूको प्रभाव हाम्रो अर्थतन्त्रमा पनि पर्ने देखिन्छ । यसको असर कति अवधिसम्म रहने भन्ने अनुमान गर्न नसकिएको अवस्थामा यस आर्थिक वर्षको अनुमान तयार गर्दा होटेल तथा रेष्टुरेन्ट र अन्तरराष्ट्रिय यातायात क्षेत्र यस आर्थिक वर्षको अन्त्य सम्ममा अत्याधिक प्रभावित रहने तथा अन्य क्षेत्रहरू जेठबाट क्रमशः नियमित हुने विश्वास गरि अनुमानहरू तयार गरिएको छ ।

## २. **कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (Annual Growth Rate of GDP)**


चालू आर्थिक वर्ष २०७६/७७ को सात देखि नौ महिना सम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाका आधारमा तयार गरिएको तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) को स्थिर मूल्य वृद्धिदर, आधारभूत मूल्यमा (Basic Price) २.२७ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । सोही वृद्धिदर गत आर्थिक वर्ष २०७५/७६ मा ६.७५ प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७४/७५ मा ६.३५ प्रतिशत रहेको अन्तिम अनुमान छ (चित्र नं. १) ।

## ३. बृहद औद्योगिक समूह अनुसार कुल मूल्य अभिवृद्धिको वृद्धिदर (GVA by Broad Economic Group)

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary), द्वितीय क्षेत्र (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर तथ्याङ्क विश्लेषण गर्दा विगत तीन वर्षमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक तथा सेवा क्षेत्रको योगदान केही बढ्न गएको देखिन्छ तर द्वितीयको क्षेत्रको योगदानमा केही कमी आएको देखिन्छ। (चित्र नं. २)

### ३.१ प्राथमिक क्षेत्र (Primary Sector)

यस क्षेत्र अन्तर्गत कृषि तथा वन, मत्स्य र खानी तथा उत्खनन क्षेत्र पर्दछन । चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २८.२० प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २) । अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मूल्यमा २.५४ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । चालू आर्थिक वर्षमा धानको उत्पादनमा कमी तथा COVID19 को महामारीको असरलाई न्यून गर्नको लागि अवलम्बन गरिएको प्रयासबाट आपूर्ति प्रणालीमा आएको रोकावटले गर्दा यस क्षेत्रको उत्पादनमा गत आ. व. को भन्दा न्यून वृद्धिदर रहेको छ ।




चित्र नं. २ : बृहद औद्योगिक समूह अनुसार कुल मूल्य अभिबृद्धि प्रतिशत

## ३.२ द्वितीय क्षेत्र (Secondary Sector)

यस क्षेत्र अन्तर्गत निर्माण, उद्योग र विद्युत्, ग्याँस तथा पानी क्षेत्र पर्दछन । चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १३.७२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २)। अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मूल्यमा ३.३६ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। खासगरी ऊर्जा क्षेत्रको विस्तार भएतापनि, COVID19 को महामारीको असरलाई न्यून गर्नको लागि अवलम्बन गरिएको प्रयासबाट आपूर्ति प्रणालीमा आएको अवरोध तथा उत्पादनमा आएको कमी आदिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर मा प्रभाव पारेको पाइन्छ।

## ३.३ सेवा क्षेत्र (Tertiary Sector)

यस क्षेत्र अन्तर्गत थोक तथा खुद्रा व्यापार, होटेल तथा रेष्टुरेन्ट, यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा पर्दछन । चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५८.०८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २) । अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मूल्यमा १.९९ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । यस क्षेत्र अन्तर्गतका होटेल तथा रेष्टुरेन्ट तथा हवाई यातायातमा COVID19 को महामारीले गर्दा प्रत्यक्ष असर पारेको पाइन्छ।



चित्र नं. ३ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि

## ४. औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि (GVA by Industry Classification)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २७.६५ प्रतिशत तथा गैर कृषि क्षेत्रको ७२.३५ प्रतिशत योगदान रहेको प्रारम्भिक अनुमान गरिएको छ । चालू आर्थिक वर्षको कृषि क्षेत्र (कृषि, वन तथा मत्स्य) को कुल मूल्य अभिवृद्धि (GVA) २.५९ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ (चित्र नं. ३) । त्यसैगरी गैर कृषि क्षेत्रको २.२७ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ (चित्र नं. ३)। आर्थिक क्षेत्रहरूको विस्तृत वर्गीकरण अनुसार वार्षिक वृद्धिदर निम्नानुसार हुने प्रारम्भिक अनुमान गरिएको छ ।

### ४.१ कृषि तथा वन (Agriculture and Forestry)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २७.०८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यसै गरि यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वार्षिक वृद्धिदर २.४८ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। धानको उत्पादनमा आएको कमी, COVID19 को महामारीको असरलाई न्यून गर्नको लागि अवलम्बन गरिएको

प्रयासबाट आपूर्ति प्रणालीमा आएको रोकावटले गर्दा तरकारी, मासु तथा दुग्ध उत्पादनमा केही कमी आउने भएतापनि गहुँ तथा फलफूल बाली उत्पादनमा सामान्य वृद्धि हुने अनुमान रहेको छ ।

## ४.२ मत्स्यपालन (Fishery)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ०.५७ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । चालू आर्थिक वर्ष २०७६/७७ मा अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वार्षिक वृद्धिदर ७.१७ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । सरकारले लिएको लक्ष्य अनुरूप सरकारी तथा गैर सरकारी प्रयासहरू सफल हुँदै गएका कारण मत्स्य उत्पादनमा वृद्धि भएको अनुमान गरिएको छ ।

## ४.३ खानी तथा उत्खनन (Mining and Quarrying)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ०.५५ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । खानी तथा उत्खनन क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा यस वर्षको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर -०.६९ प्रतिशतले कमि हुने प्रारम्भिक अनुमान गरिएको छ । निर्माण क्षेत्रमा आएको संकुचन तथा COVID19 को महामारीको असरलाई न्यून गर्नको लागि अवलम्बन गरिएको प्रयासबाट आपूर्ति प्रणालीमा आएको रोकावट तथा उत्पादनमा आएको ह्रासले ले गर्दा यस क्षेत्रको मूल्यअभिवृद्धि वृद्धिदर ऋणात्मक रहने अनुमान छ ।

## ४.४ उद्योग (Manufacturing)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५.०९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । उद्योग क्षेत्रमा आर्थिक वर्ष २०७५/७६ को तुलनामा

आर्थिक वर्ष २०७६/७७ मा कुल मूल्य अभिवृद्धि (GVA) -२.२७ प्रतिशतले कमि आउने प्रारम्भिक अनुमान गरिएको छ। COVID19 को महामारीको असरलाई न्यून गर्नको लागि अवलम्बन गरिएको प्रयासबाट आपूर्ति प्रणालीमा आएको रोकावट तथा उत्पादनमा आएको अवरोधले गर्दा यस क्षेत्रको मूल्यअभिवृद्धि वृद्धिदर ऋणात्मक रहने अनुमान छ।

## ४.५ विद्युत, ग्यास तथा पानी (Electricity, Gas and Water)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.४१ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा यस आर्थिक वर्षमा २८.७५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। चालू आर्थिक वर्षमा विद्युत उत्पादन गत वर्षको तुलनामा वृद्धि भएका कारण यस क्षेत्रको मूल्य अभिवृद्धि वृद्धि भएको देखिन्छ।

## ४.६ निर्माण (Construction)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ७.२३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) -०.३१ प्रतिशतले कमि आउने प्रारम्भिक अनुमान रहेको छ। COVID19 को कारण निर्माणाधीन आयोजनामा विश्व बजारबाट उपकरण लगायत सामाग्रीको आपूर्तिमा आएको अवरोधले गर्दा यस क्षेत्रको मूल्यअभिवृद्धिको वृद्धिदर ऋणात्मक रहने अनुमान छ।

## ४.७ थोक तथा खुद्रा व्यापार (Wholesale and Retail Trade)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १३.८९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। थोक तथा खुद्रा व्यापार क्षेत्रमा आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा कुल मूल्य अभिवृद्धि (GVA) २.११

प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । COVID19 को महामारीको असरलाई न्यून गर्नको लागि अवलम्बन गरिएको प्रयासबाट आपूर्ति प्रणालीमा आएको रोकावटले यस क्षेत्रको मूल्यअभिवृद्धि वृद्धिदरमा असर गरेको छ ।

## ४.८ होटेल तथा रेष्टुरेन्ट (Hotel and Restaurant)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.४१ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । होटेल तथा रेष्टुरेन्ट क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA), अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा -१६.३० प्रतिशतले कमि हुने अनुमान रहेको छ । अघिल्लो आर्थिक वर्ष २०७५/७६ को नौ महिना (चैत्र सम्मको) तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा पर्यटकको आगमनमा -१३.८२ प्रतिशतले कमी आएको छ । COVID19 को महामारीको कारण विश्वव्यापी तथा आन्तरिक पर्यटकको आवतजावतमा आएको अवरोधले गर्दा यस क्षेत्रको मूल्यअभिवृद्धि वृद्धिदर ऋणात्मक रहने अनुमान छ ।

## ४.९ यातायात, संचार तथा भण्डारण ( Transportation, Communication and Storage )

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ६.४२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) अघिल्लो वर्ष २०७५/७६ को तुलनामा यस आर्थिक वर्ष २०७६/७७ मा -२.४५ प्रतिशतले कमि आउने प्रारम्भिक अनुमान रहेको छ । COVID19 को महामारीको कारण विश्वव्यापी तथा आन्तरिकरूपमा आवतजावतमा आएको अवरोध तथा यातायात प्रणालीमा आएको अवरोधले गर्दा यस क्षेत्रको मूल्यअभिवृद्धि वृद्धिदर ऋणात्मक रहने अनुमान छ ।

## ४.१० वित्तीय मध्यस्थता (Financial Intermediation)

वित्तीय मध्यस्थता क्षेत्र भित्र बैंकिङ समूहमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक, विकासबैंक, वित्त कम्पनीहरूको साथै सहकारी संस्थाहरूको कारोबार रहेका छन्। बीमा समूहमा बीमा समिति, जीवन बीमा र निर्जीवन बीमा कम्पनीहरूको कारोबारहरू रहेका छन्। त्यसै गरी सामाजिक सुरक्षा योगदान समूहमा नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, कर्मचारी संचय कोष, नागरिक लगानी कोष आदिका कारोबारहरू रहेका छन् । चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ६.६२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । समग्र रूपमा यस क्षेत्रमा भएको क्रियाकलाप बढेको कारणले अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा ५.१५ प्रतिशतले कुल मूल्य अभिवृद्धि (GVA) मा वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ ।

## ४.११ रियल स्टेट रेन्टिंग तथा व्यावसायिक सेवा (Real Estate, Renting and Business Activities)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ११.८५ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्र अन्तर्गत घरपरिवारले उपभोग गरेको आफ्नै घरको आवासीय सेवालाई समेत गणना गरिने हुँदा कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर अघिल्लो वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा ३.२५ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान गरिएको छ।

## ४.१२ सार्वजनिक प्रशासन तथा रक्षा (Public Administration and Defense)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ३.१७ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा चालू आर्थिक वर्ष २०७६/७७ को कुल मूल्य

अभिवृद्धि (GVA) वृद्धिदर  ५.९१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । तीन तहको सरकारको सार्वजनिक प्रशासन तथा रक्षामा गरिएको खर्चको आधारमा यस क्षेत्रमा उक्त वृद्धिदर हासिल हुने अनुमान छ ।

## ४.१३ शिक्षा (Education)


चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ७.६७ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा कुल मूल्य अभिवृद्धि (GVA) ४.८८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । निजी तथा गैरसरकारी क्षेत्रहरूबाट संचालित शैक्षिक गतिविधिहरूमा भएको परिवर्तित सूचकको आधारमा तयार गरिएको अनुमान अनुसार पछिल्लो वृद्धिदर  हासिल हुने प्रारम्भिक अनुमान गरिएको छ । मध्यवर्ती उपयोग कम भएको तर आयमा बढोत्तरी भएका कारण निजी शैक्षिक संस्थाहरूको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर  बढेको हो, तथापि विद्यार्थी संख्या उल्लेख्य रूपमा नबढेका कारण यस क्षेत्रको मूल्य अभिवृद्धि पनि सामान्य रूपमा मात्र वृद्धि भएको देखिन्छ ।

## ४.१४ स्वास्थ्य तथा सामाजिक कार्य (Health and Social Work)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.८६ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रतर्फ आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा ७.०७ प्रतिशतले कुल मूल्य अभिवृद्धि (GVA) बढ्ने प्रारम्भिक अनुमान गरिएको छ । स्वास्थ्य सेवाको पहुँच विस्तारका साथ साथै मानिसहरूमा स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि हुनु तथा निजी स्वास्थ्य संस्थाहरूको आयमा पनि क्रमिक रूपमा वृद्धि भएको तथा COVID19 को महामारीको रोकथामका लागि सरकारबाट स्वास्थ्य सेवा तथा सामग्रीमा गरिएको खर्च बढेका कारण यस प्रकारको प्रगति देखिएको हो ।

## ४.१५ अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा (Other Community, Social and Personal Services)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५.१८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रमा कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्ष २०७६/७७ मा ४.७१ प्रतिशत हुने



चित्र नं. ४: औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश


प्रारम्भिक अनुमान रहेको छ । केन्द्रीय  तथा स्थानीय सरकारको सामुदायिक, सामाजिक क्षेत्रमा गरिएको खर्चको आधारमा र निजी क्षेत्रहरूबाट संचालित एफ.एम. रेडियो तथा टेलिभिजन जस्ता मनोरञ्जनात्मक सेवाको आर्थिक गतिविधिहरूको आधारमा यस क्षेत्रको गार्हस्थ्य उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

# ५. औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश तथा कुल मूल्य अभिवृद्धिको वृद्धिदर (Weight and Growth Rate of Value Added of Various Industries in GDP)

चालू आर्थिक वर्ष २०७५/७६को कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी अंश विगत वर्षहरु जस्तै कृषि क्षेत्रको रहेको अनुमान गरिएको छ । गत आर्थिक वर्ष २०७५/७६ कृषि

क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको २६.९८ प्रतिशत हिस्सा ओगटेकोमा चालू आर्थिक वर्षमा यो हिस्सा बढेर २७.०८ प्रतिशत हुन पुगेको अनुमान गरिएको छ (चित्र नं. ४)। कुल १५ वटा औद्योगिक क्षेत्रमध्ये गत वर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनको अंश बढ्नेमा कृषि तथा वन, मत्स्य, विद्युत् तथा ग्याँस र पानी, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा सेवा, स्वास्थ्य तथा सामाजिक सेवा, र अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा गरि ९ वटा छन् भने घट्नेमा, खानी तथा उत्खनन, उद्योग, निर्माण, थोक तथा खुद्रा व्यापार, होटेल तथा रेस्टुरेन्ट, यातायात; सञ्चार तथा भण्डारण, गरी ६ वटा रहेका छन। (चित्र नं. ४)।

त्यसैगरी गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको कुल मूल्य अभिवृद्धि वृद्धिदरको अध्ययन गर्दा कुल १५ वटा औद्योगिक क्षेत्र मध्ये ११ वटा क्षेत्रको अघिल्लो आर्थिक वर्षको वृद्धिदर भन्दा कम रहने अनुमान रहेको छ भने ४ वटा क्षेत्रको तुलनात्मक हिसाबले वृद्धिदर बढेको देखिन्छ (चित्र नं. ५)। चालू आर्थिक वर्षमा कुल मूल्य अभिवृद्धि वृद्धिदर सबै भन्दा बढी क्रमशः बिद्युत् ग्याँस र पानी, मत्स्य, स्वास्थ्य तथा सामाजिक कार्य, सार्वजनिक प्रशासन तथा रक्षा, वित्तीय मध्यस्थता, शिक्षा, अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा, रियल स्टेट तथा व्यावसायिक सेवा, कृषि तथा बन, थोक तथा खुद्रा व्यापार क्षेत्रमा रहेको अनुमान गरिएको छ (चित्र नं. ५) । तर निर्माण, खानी तथा उत्खनन, उद्योग, यातायात, सञ्चार तथा भण्डारण, होटेल तथा रेष्टुरेण्ट क्षेत्रको वृद्धिदर ऋणात्मक रहने अनुमान छ।



चित्र नं. ५: औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि वृद्धिदर

## ६. आ.ब. २०७६/७७ मा केही प्रमुख आर्थिक सूचकहरूको अवस्था (Key Macroeconomic Indicators)

- स्थिर मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (Growth Rate) आधारभूत मूल्यमा २.२७ प्रतिशत।
- चालू मूल्य अनुसार कुल उत्पादन (Gross Output) आधारभूत मूल्यमा ५० खरब ९२ अरब रहेको छ।
- चालू मूल्य अनुसार कुल मध्यवर्ती उपभोग (Intermediate Consumption) उपभोक्ताको मूल्यमा १७ खरब ४३ अरब रहेको छ।
- चालू मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) आधारभूत मूल्यमा ३२ खरब ९ अरब रहेको छ।
- चालू मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ३७ खरब ६७ अरब रहेको छ।
- चालू मूल्यमा कुल स्थिर पुँजी निर्माण (Gross Fixed Capital Formation) १० खरब ६० अरब रहेको छ ।

- चालू मूल्यमा अन्तिम उपभोग खर्च (Final Consumption) ३० खरब ८५ अरब रहेको छ (कुल गार्हस्थ्य उत्पादनको ८१.९० प्रतिशत)।
- चालू मूल्यमा वस्तु तथा सेवाको खुद निर्यात (Net Export) १२ खरब ७ अरब ऋणात्मक रहेको छ।
- विप्रेषण ७ खरब १६ अरब रहेको छ (कुल गार्हस्थ्य उत्पादनको १९.०१ प्रतिशत)।
- प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु १,२६,०१८ अर्थात १,०८५ यु.एस. डलर।

*प्राविधिक नोट* ***(Technical Notes)***

*केन्द्रीय तथ्याङ्क विभागले तयार गर्ने राष्ट्रिय लेखा सम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्याङ्क आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 1993 मा उल्लेखित विधि र वर्गीकरणहरूमा आधारित छन।*

*केही शब्दावलीहरू* ***(Glossary)***

*१. उत्पादन (Output): उत्पादनहरूबाट उत्पादन गरिएका वस्तु तथा सेवाहरूलाई उत्पादन (Output) भनिन्छ।*

*२. मध्यवर्ती उपभोग (Intermediate Consumption) : उत्पादनहरूबाट नयाँ वस्तु तथा सेवाको उत्पादन गर्नका लागि उपभोग गरिएका वस्तु तथा सेवाहरूको कूल मूल्यलाई मध्यवर्ती उपभोग (Intermediate Consumption) भनिन्छ।*

*३. कुल मूल्य अभिवृद्धि (Gross Value Added, GVA): उत्पादकहरूको कुल उत्पादनबाट (Gross Output) मध्यवर्ती उपभोग (Intermediate Consumption) घटाएपछि बाँकी रहेको वस्तु तथा सेवालाई कुल मूल्य अभिवृद्धि (Gross Value Added, GVA) भनिन्छ।*

*४. कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP): कुनै आर्थिक क्षेत्रभित्र निश्चित गणना अवधिमा भएको कुल मूल्य अभिवृद्धिको योगलाई नै कुल गार्हस्थ्य (Gross Domestic Product, GDP) भनिन्छ।*

२०७७ साल वैशाख १७ गते
बुधवार